आज मिति २०७८ साल जेठ महिनाको २४ गते बिहान ७ बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्तसिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोविन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

आमन्त्रीतहरु

२०७८ जेठ २४

निर्णय नं. १

यस पालिकाको मिति २०७८ जेठ २१ गते बसेको स्थानिय विपत व्यवस्थापन समितिको बैठकबाट निर्णय भई आएका विभन्नि वस्तिहरुलाई वर्षा याम सुरु भए सँगै बाढी तथा पहिरोको जोखिम बढ्ने भएकाले यस गाउँपालिकाका सबै वडा तथा वस्तीहरुमा बाढी तथा पहिरो जोखिम तथा सुरक्षित क्षेत्रहरुको पहिचान गरी उक्त बस्तिहरुमा बर्षा सुरु भए पश्चात जोखिम बस्तिबाट सुरिक्षत बस्तिमा बर्षायामा मात्र बस्नकालागि सम्बन्धित वडा अध्यक्षको परार्मशमा अनुमति दिने निर्णय गरियो ।

**क) जोखिम बस्तिहरु पहिचान सन्र्दभमा**

- वडा नं. १ का जोखिम क्षेत्रहरुः वयाला, कोटिली, धौलकोट, दलित आगर र तलिआगर ।
- वडा नं. २ का जोखिम क्षेत्रहरु : अयर्ना, सेरी, लिम्सा र ध्यारगाउँका केही भागहरु ।
- वडा नं. ३ का जोखिम क्षेत्रहरु : पछेप्री, रुमशिल, बढागाउँ र पहाडा मुल्साम ।
- वडा नं. ४ का जोखिम क्षेत्रहरु : सार्कीटोल, बोहरा जिरी, तलगाउँ, ठकुरी जिरी, मैना जम्क पातलजिरी गोठगाउँ ।
- वडा नं. ५ का जोखिम क्षेत्रहरु : भैलोखाना, पाखा, तोल्खान, कालाखोली, काउली, कार्कीज्यूला र तल नायकवाडा ।
- वडा नं. ६ का जोखिम क्षेत्रहरु : ताँसी, धुमा, कार्कीज्यूला ।
- वडा नं. ७ का जोखिम क्षेत्रहरुः सुवाकोट, स्याँला र लुहाग ।
- वडा नं. ८ का जोखिम क्षेत्रहरुः बण्डाला, जुगेना, छुतिपाल्ती र सेपुखोला ।
- वडा नं. ९ का जोखिम क्षेत्रहरुः तल काप्ती, खारी, लुहादारा र सक्ला ।

**क) सुरक्षित बस्तिहरु पहिचान सन्र्दमाः**

- वडा नं. १ मा रहेका सुरक्षित स्थलहरुः रामीडाँडा, शिर्पाचौर ठाँटीचौर, भिरालचौर र लाग्नाडाँडा ।
- वडा नं. २ मा रहेका सुरक्षित स्थलहरुः सुगरखाला ।
- वडा नं. ३ मा रहेका सुरक्षित स्थलहरुः पहाडा मुल्सामको दहचौर, रानाकोट, खाला र ढाग्रा ।
- वडा नं. ४ मा रहेका सुरक्षित स्थलहरु सिजा, आर्‍यागैरा, लेखीपुर्छा, लिम्क कम्द र दहचौर ।
- वडा नं. ५ मा रहेका सुरक्षित स्थलहरुः कोलडाँडा, खुम्मुडाँडा, सिन्चौर, तलकोट, काफलपाटा र सरुखेल्न ।
- वडा नं. ६ मा रहेका सुरक्षित स्थलहरुः घर्तीगाउँ, पोखराचौर, खर्सा र सिगारी ।
- वडा नं. ७ मा रहेका सुरक्षित स्थलहरुः कोट, मोत, खारापानी र गोमागाउँ ।
- वडा नं. ८ मा रहेका सुरक्षित स्थलहरु : मुल, सन्नगाउँ, कुरीखोला र कोटचौर ।
- वडा न.. ९ मा रहेका सुरक्षित स्थलहरुः लेखचौर, रानीचौर, र सिगा ।

**ग) विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन सन्र्दभमाः**

- यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा विपद् जोखिम न्यूनिकरणका लागि स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद् सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदाय स्तरमा व्यवस्थापन ऐन, २०७४ को दफा १७ उप दफा २ च बमोजिम **विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति** गठन गरि ती समितिहरुलाई सक्रिय गराई ती समितिहरु मार्फत विपद् जोखिम न्यूनिकरणका लागि तपशिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णया गरियो ।

ग) जनचेतना फैलाउने सन्दर्भमा:

- वस्ती वस्तीमा जनचेतना मुलक अभियान सञ्चालन गर्न लगाउने । ( माइकिङ गरेर, पोष्टर पम्पलेटटाँसेर, तथा विपद् जोखिम न्यूनिकरण सम्बन्धि जिङगलहरु प्रसारण गरेर, र सोभै वस्तीमा पस्ने भल कुलाहरुको सुरक्षित निकाश गर्न लगाउने समुदायमा विपद् जोखिम न्यूनीकरणका बारेमा सल्लाह सुझाव दिने आदी )

- ग) विपद् जोखिम न्यूनिकरण सम्वन्धि जनचेतना अभिवृद्धी सम्बन्धि अभियान सञ्चालन गर्नका लागि प्रत्येक वडाहरुमा हाते माइक (मेगा फोन) र विपद् जोखिम न्यूनीकरण सम्बन्धि सुचना शिक्षा तथा सञ्चार सामाग्रीहरु उपलब्ध गराउने ।

ग) वडा स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन सन्दर्भमा

| | |
|---|---|
| • सम्वन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| • वडा समितिका सदस्यहरु | सदस्य |
| • सम्वन्धित वडाको स्वास्थ्य सँस्थाको इन्चार्ज | सदस्य |
| • वडा स्थित मान्यता प्राप्त राजनैतिक दलका प्रतिनिधी | सदस्य |
| • सम्वन्धित वडामा रहेका सुरक्षा निकायका प्रतिनिधी | सदस्य |
| • वडा सचिव वा अध्यक्षले तोकेको व्यक्ति | सदस्य सचिव |

घ) सुचना तथा संचार तर्फ:

- यस बारेकोट गाउँपालिकामा वर्षा सिजनमा बाढी पहिरोको जोखिम उच्च रहेको गत वर्ष असार २५ गते मात्र १४ जना मानिसको ज्यान गएको र यस पालिकामा फोन सेवा भरपर्दो नभएकाले खोज उद्दारमा समेत असर परेकाले पालिकामा आपत्कालिन कार्य सञ्चाल केन्द्रको स्थापना गर्ने र नेपाल टेलीकम सँग समन्वय गरि गाउँपालिकाको आफनै कर्लेक्स सेवा सुचारु गरि ९ वटै वडाहरुमा २४ घण्टा सुचना सम्पर्क भइरहने व्यवस्था गर्न गाउँपालिकाको कार्यालयबाट नियन्त्रण हुने गरी १५ वटा कर्लेक्स सेट खरिद गर्ने निर्णय गरियो ।

ङ) खोज उद्धार सामाग्रीहरु खरिद गर्ने सन्दर्भमा:

| | |
|---|---|
| • पिक, साबेल, फरुवा | ३/३ वटा |
| • Throw back | ३ वटा |
| • Personal Rope | १५ मिटर |
| • Rescue Rope | २०० मिटर |
| • बन्चरो | २० वटा |
| • गल | १० वटा |
| • फोल्डिङ स्ट्रेचर | १० वटा |
| • लेदर पन्जा | २० जोर |
| • लाइलन डोरी | १०० मिटर |
| • चश्मा | २० जोडा |
| • सेफ्टी बेल्ट | ३ वटा |
| • पानी बुट | १० जोर |
| • Head Light | १५ वटा |
| • क्यारावाइनर | ४ वटा |
| • Dynamic Rope | २०० मिटर |
| • First Aid Kit | १५ वटा |

२०७८ जेठ २४

- रेन कोट — ५० वटा
- Drone camera — १ वटा
- कम्बल — १०० थान
- त्रिपाल — १०० थान
- भाँडा वर्तन — ५० सेट

**च) आबश्यक सहयोग माग गर्ने सन्दभमा:**

- विपद्का बेलामा प्रयोग हुने खोज उद्धार सामाग्रीहरु तथा विपद्मा परेका घरपरिवारहरुका लागि आवश्यक जीवन रक्षा सामाग्रीहरु गाउँपालिकाले मात्रै पूर्ण व्यवस्थापन गर्न कठिन भएकाले विभिन्न सम्बन्धित दातृ निकायहरु सँग सहयोगका लागि गर्ने निणय गरियो ।

**छ) सशस्त्र प्रहरी बलसुरक्षा माग सर्न्दभमा:**

- बारेकोट गाउँपालिका जिल्ला सदमुकामबाट २१ कोष टाढा हुनुका साथै वर्षे सिजनमा यातायात सावरी साधनहरु पुरै बन्द हुने भएकाले जिल्लाबाट खोज उद्धार टोली पुग्न निकै समय लाग्ने तथा खोज उद्धारमा ढिलाइ हुन गई थप क्षती हुन नदिन र जोखिम कम गर्नका लागि वर्षा सिजन विशेष गरि असार श्रावण र भाद्र ३ महिना सम्मका सशस्त्र प्रहरी बलको १२ देखि १५ जनाको खोज उद्धार टोली खाटाइदिनका लागि जिल्ला सुरक्षा समिति सँग अनुरोध अनुरोध गर्ने निर्णय गरियो ।

**जं) औषधि उपचार बफर स्टक सम्बन्धमा**

- विशेष गरि वर्षा सिजनमा झाडा पखाला लगायतको विभिन्न माहामारी जन्य प्रकोपहरुका कारण हुने क्षतीबाट बच्नका लागि आधारभूत स्वास्थ्य तथा सरसफाइ शाखामा आपतकालिन औषधीहरुको बफर स्टक गरि राख्न निर्देशन गर्ने निर्णय ।

**झ) रणनैतिक योजना निर्माण सन्दर्भमा**

- यस बारेकोट गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माणका लागि नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा जाजरकोटमा अनुरोध गर्ने निर्णय गरियो ।

**झ) खाद्यान्न माग सर्न्दभमा:**

- वर्षा सिजनमा आउन सक्ने विपद्लाई मध्येनजर गरि अषाढ, श्रावण र भाद्र महिना सम्म सडक अवरुद्ध हुने भइ ढुवानी गर्न समस्या हुने भएकाले यसै महिना भित्र खाद्या व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड अन्तर्गत घाट डिपोमा ५०००। क्वीन्टल र काउली डिपोमा ४००० क्वीन्टल चामल दुवानी गरिदिनु हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निणय गरियो ।

**ञ) अनुदान माग सन्दर्भमा**

- यस गाउँपालिका भित्र रहेका खाद्या व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड अन्तर्गत घाट डिपोबाट चापमलमा २० प्रतिशत अनुदान दिदै आएको र काउली डिपो बाट २० प्रतिशत अनुदान नदिएको भन्ने बुझिन आएकाले काउली डिपो बाट पनि २० प्रतिशत अनुदानका उपलब्ध गराउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

२०७८ जेठ २४

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. २**

यस गाउपालिका अर्न्तगत कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा खटेका स्वास्थ्य कर्मिहरुलाई पहिलो चरणमा मिति २०७८ बैसाख २३ गते देखि अषाढ मसन्त सम्मका लागि तपसिल अनुसारको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

- बिरेन्द्र ऐश्र्य मा.बि. लिम्सामा रहेको आइसोलेसनमा ड्युटिमा खटेका स्वास्थ्यकर्मिहरुलाई पाइराखेको पारिश्रमिक अनुसारको ५० प्रतिशत प्रोत्साहन भत्ता ,
- सम्पुर्ण वडामा रहेका स्वास्थ्य संस्थामा खटेका, आइसोलेसनमा नखटेका स्वास्थ्यकर्मिहरुलाई २५ प्रतिशत
- ल्याबमा कार्यरतलाई ५० प्रतिशत ।

**निर्णय नं.३**

कोभिड -१९ संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि यस पालिकामा ठुलो मात्रामा आथिक व्यहभार पर्न गएको हुँदा यस पालिकाको कोभिड कोषमा रकम जम्मा हुने यस पालिका अर्न्तगत जनप्रतिनिधिमा पदाधिकारीहरुको ५ दिन र सदस्यहरुको २ दिन कर्मचारी र शिक्षकहरुको एक महिनाको लागि मात्र ५ दिन बराबरको पारिश्रमिक रकम कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

यस पालिका अर्न्तगत आ.ब.०७७०७८ मा बिनियोजन भएका बिभिन्न योजनाहरहरुको रकम तपसिल अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

| क.स. | योजान/कार्यक्रमको नाम र ठेगाना | बिनियोजन रकम | हाल रकमान्तर भएको योजान/कार्यक्रमकोनाम, ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक क्यालेण्डर निर्माण | ७०००० | शिक्षण सिकाई अनुदान ( मा.बि.,नि.मा.बि.वालविकास,कम्पूटर,प्राबिधिकि शिक्षक तथा प्रा.बि. सिन्चौरमा एकमुष्ट अनुदान खर्च गर्न सकिने) | ३२००००। | |
| २ | IEMISअभिमुखिकरण | २००००० | | | |
| ३ | विद्यालयस्तर साहित्य प्रवद्धन कार्यक्रम | ५०००० | | | |
| ४ | सामूदायिक भवन वडा नं ५ | ९६०००० | उत्तिसेनिखोला-पाखा सडक ,बारेकोट ५ | ५,६०,००० | |
| | | | डिब्डेनि -सान्दारा- घरटोल, बारेकोट ५ | ४००००० | |
| ५ | सूचना प्रसारण ( २२५२२) बाट | ३०००० | निजामति सेवा दिवस खर्च | ३०००० | |
| ६ | सासुबुहारी कार्यक्रम ( २२५२२) बाट | २००००० | काउलि बाटो मर्मत, बारेकोट ५ | १००००० | |
| | | | कार्किजज्यूला बाटो मर्मत बारेकोट ५ र ७ | १००००० | |
| ७ | जेष्ट नागरिक कल्याण कार्यक्रम | १०००० | भूमि सम्बन्धी समस्या समाधान आयोगको लागत संकलन तथा प्रवेष्टि | १००००० | |
| ८ | सिम्तरा जोडने बाटो | ११००००० | सिम्तरा जोड्नेबाटो | १०००००० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ९ | कार्कीज्युला वडा कार्यालय नाली खन्ने | ७००००० | कार्कीज्युला वडा कार्यालय नाली खन्ने | ३००००० | |
| १० | काडा पानी मुहान संरक्षण २५०००० मात खानेपानी १ लाख र स्याला बाटो १ लाख वडा नं.७ | ४००००० | काँडा पानी देखि माझगाउँ बाटो निर्माण | ४५०००० | |
| ११ | सिम्तरा जोडेन बाटाको १ लाख कार्कीज्युला | ५ लाख | गराग्ली देखि भारढुगा सम्म रोड निर्माण योजना | ५००००० | |

गोविन्द बहादुर सिंह प्रमुख प्रशासकीय अधिकृत
२०७८ जेठ २४

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा कार्यालयनाली खन्ने ४ लाख गरी ( वडा नं. ७) | | | | |
| १२ | लुहाग देखि गोमागाउँ जोड्नेबाटो रु १ लाख र लुहाग बाटोको रु ९३२४० गरी जम्म | १९३२४० | कुनाबगर काठेपुल | १९३२४० | |
| १३ | मालिका मन्दिर निर्माण वडा नं. १ | ५५०००० | मालिका मन्दिर फिल्ड निर्माण | ५५०००० | |
| १४ | पुरानो वडा कार्यालय मर्मत वडा नं.१ | ५००००० | वडा कार्यालय फिल्ड निर्माण | ५००००० | |
| १५ | कार्कीज्युला वडा कार्यालयको सडक वडा नं. ६ | ३००००० | कार्कीज्युला वडा कार्यालय वडा कार्यालय रोड | ३००००० | |
| १६ | अयर्ना पातीहाल्न सम्म खोल्या थान सम्म | ५००००० | तोरीछर्‍या बाल विकास | ३००००० | |
| | | | जनता आ.वि. भवन मर्मतमा | २००००० | |
| १७ | वडा नं. ५ को ढल निकास | २००००० | नाउला क्रिया टाकुरी मुल संरक्षण | ५०००० | |
| | | | खारा नाइका धारा खानेपानी निर्माण | १००००० | |
| | | | माँफ मुल संरक्षण थप रकम | ५०००० | |
| १८ | सागीनी खोला तटबन्धन | ३००००० | काउली देखि छहरेखोला सम्म घोरेटोबाटो मर्मत | ३००००० | |
| १९ | महादेव प्रा.वि. फिल्ड निर्माण | ४०६५६० | महादेव प्रा.वि. फिल्ड निर्माण | २०६५६० | |
| | | | घोरले डाँडाबाट खोखरातारा घोरेटोबाटो | २००००० | |
| २० | शान्ती प्रा.वि.भवन निर्माण | १५००००० | ढुवागाउँ पहिरो नियन्त्रण | ४००००० | |
| | | | शान्ती प्रा.वि. फिल्ड निर्माण तथा सडक निर्मण | ११००००० | |
| २१ | खानेपानी फिल्टरबाट बचेको रकम | २४०००० | फिल्टर खरिद गर्ने ३१६ जना हजार दिने महिलाहरुलाई | ४८७४६० | बहुक्षेत्रिय पोषन कार्यक्रम |
| २२ | महिला तथा बालबालिकाको कार्यक्रम | २४७४६० | | | |
| २३ | श्री दिपेन्द्र मा.वि. मुल्सामको शौचालय तथा खानेपानी निर्मण | ८००००० | श्री देउतीबज्यै प्रा.बि. बारेकोट ६ ताँसी | ८००००० | |
| २४ | श्री गोरख प्रा.वि. शौचालन निर्माण | ३०६००० | श्री गोरख प्रा.वि.को भवनको प्लष्टर गर्ने | ३०६००० | प्रधानमन्त्री रोजगार कार्याक्रम |
| २५ | कालाखेते खेतालाबको बारो निर्माण | २००००० | तिरुवाटोल घोरेटो बाटो निर्माण | २००००० | |
| २६ | राधा प्रा.वि.र बाल प्रा.बि शौचालय निर्मण | ४५०००० | राधा प्रा.वि. शौचालय निर्माण | २२५००० | सर्शत |
| | | | बाल प्रा.वि. शौचालय निर्माण | २२५००० | |
| २७ | जनता प्रा.वि.को शौचालयको वडा नं. २ | २००००० | तोरीछरी बालविकास केन्द्र वडा नं. २ | २००००० | |
| २८ | न्यायिक समिति | ४००००० | बाँचिला माढीमा टिनको छाना | १५०००० | |
| | | | खेतबाला थानको माढीमा टिनको छाना | १५०००० | |
| | | | न्यायिक समिति खर्च | १००००० | |
| २९ | सागिनी खोला बारेकोट ६ | २००००० | ढल निकास बारेकोट ६ वडा कार्यालय देखि ताँसी ढल निकास | २००००० | |

निर्णय नं.५

यस पालिकाको आ.ब.०७८।०७९ को बार्षिक निति तथा कार्यक्रम र गाउ सभा मिति २०७८ असड ९ गते गर्ने निर्णय गरियो । साथै तपसिल अनुसारका बिषगतत शाखा तथा कार्यलयहरुलाई आ.ब. ०७८।७९ को बजेट प्रस्तावका लागि आगामि कार्यापालिका बैठकमा अनुमति प्रदान गर्ने समेत निर्णय गरियो ।

- शिक्षा, स्वास्थ्य, कृषि, पशु, आर्युवेदिक
- कार्यालय अर्न्तगत चालु तफ ।

निर्णय नं.६

चालु आ.ब.मा सम्झौता भई रकम अभावका कारण भूक्तानि गर्न नसकिएका योजना तथा कार्यक्रहरुको एकमुष्ट प्राविधिक लागत स्टिमेट गरी सोहि आधारमा खर्च नभएर बाँकि रहन गएका योजनाहरुमा बिनियोजित रकम आगामि कार्यापालिका बैठकमा रकमान्तर गर्ने निर्णय गरीयो । सो प्रयोजनका लागि तदारुक्ता देखाउन प्रमुख प्रशासकिय अधिकृत ,इनजिनियर महेश काफ्ले र लेखा शाखालाई जिम्मेवारी दिने निर्णय गरीयो ।

निर्णय नं.७

कोभिड १९ संक्रमण व्यापक रुपमा समुदाय स्तर सम्म फैलिएको हुनाले सचेतहुनका लागि सबैलाई आग्रह गर्नुका साथैं होम आइसोलेसनमा तथा आइसोलेसन लाई अझै व्यवस्थित गराउने तथा परिक्षणको दायारा अझै बढाउदै लाने निर्णय गरीयो ।

निर्णय ८

यस बारेकोट गाउँपालिका वडा नं. ४ र ५ मा हेलिप्याड निर्माण गर्न अति आवश्यक पर्ने भएकोले पहिले निर्माण भएको हेलिप्याडलाई स्तरोन्नती गर्ने र सो रकम विपत व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस बारेकोट गाउँपालिका वडा नं. १ मा पशु प्राविधिक पद केही समयदेखि रिक्त रहेको हुदा सो वडामा पशुपंक्षी क्षेत्रमा सेवा प्रवाहमा समस्या देखिएकाले उक्त पदमा बारेकोट गाउँपालिक वडा नं. १ निवासी श्री सुमिता बुढालाई मिति २०७८ साल जेठ २५ गते देखि लागु हुने गरी पशु प्राबिधिक पदमा नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

बारेकोट गाउँपालिका वडा नं. ३ मुल्साममा रहेको सामुदायिक स्वास्थ्य इकामा अनमी पद रिक्त रहेको हुँदा सो रिक्त दरबन्दीमा बारेकोट गाउँपालिका वडा नं. ५ निवासी श्री सरस्वती सिंहलाई मिति २०७८ साल जेठ २५ गते देखि लागु हुने गरी अनमीमा नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस बारेकोट क्षेत्रमा पर्ने मध्ये गाउँपालिकाको केन्द्र रहेको वडा नं. २ लिम्सालाई गाउँपालिका केन्द्र क्षेत्र र अरु सबै क्षेत्रलाई ग्रामीण क्षेत्र निर्धारण निर्णय गरियो ।

निर्णय नं. १२

भूमीहीन दलित, भूमिहीन सुकमवारी र अव्यवस्थित बोबासीको लागत संकलन अवधी सकिएकाले लागत संकलनको लागि समयावधी थप गर्न जिल्ला समितिलाई पत्र पठाउने र समयावधी थप नभएसम्म सबै कार्य रोक्ने निर्णय गरियो ।

गोविन्द बहादुर सिंह
प्रमुख प्रशासकिय अधिकृत

२०७८ जेठ २४

निर्णय नं. १३

यस बारेकोट गाउँपालिका भित्रको लेखमा पाइने जडीबुडी सेतकचिनी खिराँलो चोरी निकासी निणन्त्रण गर्नका लागि यस पालिकाका बिभिन्न वडका केटाहरु परिचालन र सशत्र प्रहरी नेपाल प्रहरी समेतलाई परिचालन गरिएको थियो। सो समयमा केही खाना खर्चको भुक्तानी दिन रु १११९५०। बाँकी रहेको हुँदा सो रकम जडीवडीबाट (आन्तरिक श्रोत) संकलन भएको रकमबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१४

यस पालिकाको वडा नं. २ दोमिल्ला देखि लिम्सा देवलचौर सम्ममाको सडक निर्माण भएको तर अन्तिम भुक्तानी दिन प्राविधिक समस्य भएकोले सो सडकमा हाल सम्ममा कार्यालयबाट भुक्तानी भएको रकमलाई समेत पुन मुल्याँकन गरी यसै आ.व.मा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

यस पालिकामा पोषण मैत्री स्वास्थ्य संस्था घोषना गर्नु पर्ने भएकोले पोषण मैत्री स्वास्थ्य संस्था घोषणा सम्वन्धी तोकिएका मापदण्डहरु पुरा गर्ने गरी हाललाई स्वास्थ्य चौकी रामीडाँडालाई तोक्ने निर्णय गरियो साथै उक्त संस्थाले मापदण्डहरु पुरा गरेमा पुन समिक्षा तथा छलफल गरी पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

कोभिड १९ संकमण रोकथाम तथा नियन्त्रणमा यस पालिकालाई सहयोग गर्ने तपसिलका व्यक्ति तथा निकायाहरुलाई हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | सहयोगि व्यक्ति तथा निकायको नाम | सहयोगका विवरण | परिमाण | |
|---|---|---|---|---|
| १ | ई.पदम बहादुर थापा,भे.न.पा.२, जाजरकोट | आइसोलेसन बेड | १० वटा | |
| २ | ह्वाइट ग्रनि फाउन्डेसन नेपाल | अक्सिजन कन्सन्ट्रटर | ४ वटा | |
| ३ | ह्याव्सा नेपाल | होम आइसोलेसन किट | १०० | |
| ४ | पत्रकार, जनक केसि भे.न.पा. २ जाजरकोट | सहजिकरण | ४,१० सहजिकरण | |
| ५ | बिश्व खाद्या कार्याक्रम | काडमान्डौ देखी जाजरकोट ढुवानि | ढुवानि | |
| ६ | रामचन्द्र ज्योति,बारेकोट १, जाजरकोट | सदरमुकाम बारेकोट ढुवानि | ढुवानि | |
| ७ | बारेकोटी युवा समुह | औषधि | १ लाख ११ हजार | |
| ८ | धिरेन्द्र पुन बारेकोट १, जाजरकोट | अक्सिजन सिसलन्डर | ४ वटा | |
| ९ | D WASH CC, जाजरकोट | | | |
| | | | | |
| | | | | |

२०७८ जेठ २४

निर्णय नं. १७

यस पालिकाको वडा नं. ६ र ७ मा मिति २०७८ साल बैशाख १७ गतकेका दिन आएको अभिरल असिना पानीले गँहु बाली तरकारी बाली समेत पुर्णरुपमा क्षति पुऱ्याएको हुँदा यसले गर्दा निकट भविष्यामा नै भोकमारी हुने सम्भावना भएकाले आवश्यक राहतको कार्यक्रम संचालन गरी दिनु हुन विश्व खाध्य कार्यक्रमलाई र अन्य सरोकारवाला निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

यस बारेकोट गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरु संचालन तथा भुक्तानीका विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशिका तथा कामका लागि पारिश्रममिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को दफ १८ को उपदफ १ बमोजिम श्रमिकहरुको पारिश्रमिक बैंक खाता मार्फत भुक्तानी गर्नु पर्ने भनिए पनि बर्तमान अवस्थामा यस गाउँपालिकामा पहिले नेट सेवा लामो समय बन्द भएको र पछि यस पालिकामा रहेको कृषि बिकास बैंकका प्रबर्द्धक सहित ५ जना कर्मचारी र गाउँपालिका केही कर्मचारीहरुमा कोरोना पोजेटिभ देखिएकाले वेरोजगार श्रमिकहरुको बैंक खाता संचालनमा समस्य भएकाले आयोजनाहरुको भुक्तानी गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को दफा १८ उपदफ २ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ ( पहिलो संशोधन २०७७।०६।२९) को दफा २८ उपदफा २ बमोजिम नगदमै वा समितिको खाता संचालन गरी पारिश्रमिक बापतको रकम पनि भुक्तानी गर्ने र आयोजना स्थलमा वडा अध्यक्ष वडा अध्यक्ष नभएमा वडा सदस्यको रोवहरमा ती श्रमिकहरुलाई वितरण गर्ने गरी श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अनुमती माग गर्ने निर्णय गरियो ।

बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७२

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत